गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड १० चौमाला, कैलाली साउन २७ गते , बुधबार २०८३ साल, (संख्या ११)

गौरीगङ्गा नगरपालिकाको बाल संरक्षण मापदण्ड, २०८३

स्वीकृत मितिः-२०८३/०४/१४

प्रस्तावनाः गौरीगङ्गा नगरपालिका क्षेत्रभित्र बालबालिकाको संरक्षण सुनिश्चित गर्न, नेपालको संविधान, राष्ट्रिय कानून र बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि लगायतले गरेको व्यवस्था बमोजिम बालबालिका विरुद्ध हुने हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न र उजुरीको तत्काल कारबाही गर्नका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ ले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकाले बाल संरक्षण मापदण्ड, २०८३ बनाएको छ।

परिच्छेद — १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम **"गौरीगङ्गा नगरपालिकाको बाल संरक्षण मापदण्ड, २०८३"** रहेको छ।

(२) यो मापदण्ड गौरीगङ्गा नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि गौरीगङ्गा नगरपालिका कैलाली भरि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "अनुसन्धान" भन्नाले अधिकार प्राप्त निकायले गर्ने जाँचबुझ सम्बन्धी सम्पूर्ण कार्य प्रक्रिया सम्झनु पर्दछ।

(ख) "उजुरी" भन्नाले बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहार सम्बन्धी घटनाबारे सम्बन्धित निकाय वा नगरपालिकामा लिखित वा मौखिक रूपमा जानकारी दिने कार्य सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिका सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले यस मापदण्ड बमोजिम गठन भएको बाल संरक्षण मापदण्ड कार्यान्वयन समिति सम्झनु पर्दछ।

(ङ) "पीडित" भन्नाले बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार सम्बन्धी घटनाबाट पीडित वा प्रभावित बालबालिका सम्झनु पर्दछ।

(च) "सम्बन्धित व्यक्ति" भन्नाले नगरपालिकाको दरबन्दीमा नियुक्त गरिएका कर्मचारी, परामर्शदाता, स्वयंसेवक, सेवा प्रदायक र नगरपालिकाका कार्यक्रममा खटिएका जुनसुकै व्यक्ति सम्झनु पर्दछ।

(छ) "साझेदार" भन्नाले नगरपालिकासँग कुनै कार्यक्रम वा परियोजनामा साझेदारी गर्ने गैरसरकारी संस्था, सामुदायिक संगठन, विद्यालय लगायत सम्झनु पर्दछ।

परिच्छेद-२

उद्देश्य, सिद्धान्त तथा लक्षित समूह

३. **उद्देश्यः** यस मापदण्डका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

(क) गौरीगङ्गा नगरपालिका क्षेत्रभित्र बालबालिकाविरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहारको जोखिम पहिचान र न्युनिकरणका लागि पैरवी गर्नु।

(ख) बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहारको उजुरी तथा तत्काल कारबाहीका लागि प्रभावकारी संस्थागत संयन्त्र बनाउनु।

(ग) पीडित वा प्रभावित बालबालिकाहरूको उद्धार, संरक्षण र पुनःस्थापना गर्ने गराउनु।

(घ) नगरपालिका र मातहतका कार्यालय, विद्यालय तथा संस्थाहरूमा बालमैत्री वातावरण र बाल संरक्षण सुनिश्चित गर्नु।

४. **सिद्धान्तः** बाल संरक्षण कार्य गर्दा देहायका सिद्धान्तहरू अवलम्बन गरिनेछन् ।

(क) **बालबालिकाको सर्वोत्तम हितः** सबै कार्यमा बालबालिकाको हितलाई पहिलो प्राथमिकता दिइनेछ।

(ख) **भेदभावरहितः** धर्म, वर्ण, जात, लिङ्ग, भाषा, अपाङ्गता वा भौगोलिक क्षेत्रको आधारमा कुनै भेदभाव गरिने छैन।

(ग) **शून्य सहनशीलताः** बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा शोषणमा शून्य

सहनशीलता (Zero Tolerance) अपनाइनेछ।

(घ) **गोपनीयताको हकः** पीडित, साक्षी र उजुरीकर्ताको गोपनीयता प्रचलित कानून बमोजिम कायम गरिनेछ।

(ङ) **बालमैत्री व्यवहारः** उद्धार, संरक्षण तथा सेवा प्रवाह गर्दा पूर्ण रूपमा बालमैत्री व्यवहार गरिनेछ। बाल बचाउ, संरक्षण, विकास र सहभागिता प्रवर्द्धन गरिनेछ ।

५. <u>मापदण्ड लागू हुने क्षेत्रः</u> यो मापदण्ड नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, विद्यालयका शिक्षक तथा कर्मचारीहरू, नगरपालिकासँग आबद्ध साझेदार संस्थाहरू र सेवा प्रदायकहरू र सर्वसाधारणका हकमा लागू हुनेछ।

परिच्छेद — ३

<u>बालबालिकासँग गर्न नहुने कार्य र सुरक्षा उपाय</u>

६. बालबालिकासँग गर्न नहुने कार्यहरूः नगरपालिकासँग सम्बन्धित पदाधिकारी, कर्मचारी वा साझेदारहरूले बालबालिकासँग देहायका कार्यहरू गर्नु हुँदैनः

(क) उमेर, जात, लिङ्ग वा शारीरिक अवस्थाका आधारमा भेदभावजन्य बोली वा व्यवहार।

(ख) बालबालिकाको परिचय खुल्ने गरी तस्बिर, भिडियो वा व्यक्तिगत विवरण सामाजिक सञ्जाल वा आमसञ्चारमा प्रकाशन/प्रसारण वा सार्वजनिक स्थलमा व्यक्त अन्य कसैलाई दिने वा लिने।

(ग) शारीरिक, मानसिक, यौनजन्य वा मनोवैज्ञानिक हिंसा गर्नु वा दण्ड सजाय।

(घ) प्रचलित कानून विपरीत बालश्रममा लगाउनु वा क्षमताभन्दा बढी काम गराउनु।

(ङ) बालबालिकाको अगाडि धूम्रपान, मद्यपान, लागुपदार्थ सेवन वा जुवातास जस्ता कुलतजन्य कार्य

७. जोखिम लेखाजोखा र गोपनीयता :

(क) बालबालिका सहभागी हुने कुनै पनि कार्यक्रम सञ्चालन गर्नु अघि उक्त स्थान र समय सुरक्षाको दृष्टिकोणले उपयुक्त छ/छैन जोखिम लेखाजोखा गर्नुपर्नेछ।

(ख) बालबालिकालाई जिल्ला वा नगरपालिका बाहिर आवासीय कार्यक्रममा लैजाँदा अभिभावकको लिखित सुसूचित सहमति र समान लिङ्गीय वयस्क संरक्षकको व्यवस्था मिलाउनुपर्नेछ।

(ग) उजुरी, जाँचबुझ र कारबाहीको सम्पूर्ण प्रक्रियामा पीडितको गोपनीयता कायम गर्न साङ्केतिक कोड (जस्तैः XXX) को प्रयोग गरिनेछ।

परिच्छेद — ४

<u>कार्यान्वयन संयन्त्र र उजुरी प्रक्रिया</u>

८. बाल संरक्षण मापदण्ड कार्यान्वयन समितिः गौरीगङ्गा नगरपालिकामा बाल संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल छानबिन गर्न देहाय बमोजिमको बाल संरक्षण मापदण्ड कार्यान्वयन समिति रहनेछः

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

२. शिक्षा शाखा प्रमुख - सदस्य

३. स्वास्थ्य शाखा प्रमुख - सदस्य

४. कानुन शाखा प्रमुख – सदस्य

५. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख — सदस्य सचिव

यस समितिमा आवश्यकतानुसार जनप्रतिनिधि, कर्मचारी वा विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

नोटः उक्त समितिमा कम्तीमा एक जना महिला कर्मचारीको प्रतिनिधित्व अनिवार्य हुनेछ।

९. <u>उजुरी र तत्काल कारबाही प्रक्रियाः</u> १. बालबालिकाविरुद्ध हिंसा वा दुर्व्यवहार भएको आशंका भएमा बाल संरक्षण सम्पर्क व्यक्ति वा शाखामा मौखिक, लिखित वा विद्युतीय माध्यमबाट उजुरी दिन सकिनेछ।

२. प्राप्त उजुरीलाई गोप्य रजिस्टरमा दर्ता गरिनेछ।

३.गम्भीर प्रकृतिका वा कानून बमोजिम कसुर ठहरिने घटना भएमा समितिले १ हप्ताभित्र प्रारम्भिक अनुसन्धान गरी कारबाहीका लागि नेपाल प्रहरी वा न्यायिक निकायमा सिफारिस गर्नुपर्नेछ।

४.आरोपित व्यक्ति नगरपालिकाको कर्मचारी वा सेवा प्रदायक भएमा निजलाई अनुसन्धान अवधिभर पद वा जिम्मेवारीबाट निलम्बन गर्न सकिनेछ।

परिच्छेद — ५

<u>विविध</u>

१०. आर्थिक व्यवस्थापनः नगरपालिकाले बाल संरक्षण जोखिम न्यूनीकरण, पीडितको तत्काल उद्धार, स्वास्थ्य उपचार, कानुनी सहायता, मनोसामाजिक परामर्श तथा आकस्मिक राहतका लागि वार्षिक बजेटमा निश्चित कोष वा रकमको व्यवस्था गर्नेछ।

अनुसूची — १

(मापदण्डको दफा ६ सँग सम्बन्धित)

आचारसंहिता

नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षक र साझेदार संस्थाका प्रतिनिधिहरूले पालना गर्नुपर्ने मुख्य प्रतिबद्धताहरूः

१. म बालबालिकाको अधिकार र सर्वोत्तम हितको सधैं सम्मान र रक्षा गर्नेछु।

२. म बालबालिकासँग काम गर्दा वा कार्यक्रम गर्दा उनीहरूलाई थप जोखिम नहुने गरी सुरक्षित र उज्यालो स्थानमा मात्र सहभागी गराउनेछु।

३. म बालबालिकामाथि कुनै पनि आधारमा भेदभाव, निन्दा वा शारीरिक/मानसिक सजाय दिने छैन।

४. म बालबालिकाको गोपनीयता भङ्ग हुने गरी उनीहरूको कुनै गोप्य कुरा, फोटो वा विवरण सामाजिक सञ्जालमा राख्ने छैन।

५. म बालबालिका विरुद्धको हिंसा वा दुर्व्यवहार भएको देखेमा वा जानकारी पाएमा तत्काल उद्धार गर्ने तथा तुरुन्त सम्बन्धित निकाय र प्रहरीमा सूचना दिनेछु।

आज्ञाले
भक्तराज जोशी
प्रमुख प्रशासकीय अधिकृत